**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौंथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखालाई निम्न अनुसार विभाजन गरिएको छ :**

**भाग - १**

**लिखित परीक्षा(Written Examination)** :– प्रथम चरण **पूर्णाङ्क :– १००**

द्वितीय चरण **पूर्णाङ्क :– १००**

**भाग - २**

**अन्तिम चरण (Final Examination)** :– कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता **पूर्णाङ्क :– ४०**

## लिखित परीक्षा योजना (Written Examination Scheme)

**१. लिखित परीक्षा :- प्रथम चरण(First Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत: बहुवैकल्पिक प्रश्न (MCQs) | ५० प्रश्न X २ अङ्क | ४५ मिनेट |

**२. लिखित परीक्षा :- द्वितीय चरण(Second Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | सामाजिक अध्ययन, कार्यालय संचालन तथा सामान्य गणित | १०० | ४० | विषयगत: छोटो र लामो उत्तर | १२ प्रश्न X ५ अङ्क<br>४ प्रश्न X १० अङ्क | ३ घण्टा |

**अन्तिम चरण- कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता(Interview) | ३० | मौखिक (Oral) | |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम योजनालाई **लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता)** गरी दुई भागमा विभाजन गरिएको छ ।
**२. प्रश्नपत्र नेपाली भाषामा हुनेछ ।**
३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
५. परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।
६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।
७. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।
**८. आयोगबाट संचालन हुने परीक्षामा परीक्षार्थीले मोबाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण परीक्षा हलमा लैजान पाइने छैन ।**
९. द्वितीय पत्र (विषयगत प्रश्न हुने पत्र) का हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौंथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

१०. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

११. **प्रथम चरण (First Phase)को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (Second Phase)को लिखित परीक्षामा सम्मिलित गराइनेछ ।**

१२. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको **शत् प्रतिशत अङ्क** तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्कहरु जोडि कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१३. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

१४. लिखित परीक्षा र अन्तिम अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१५ पाठ्यक्रम लागू मिति :- **२०७६/०२/०९**

## लोक सेवा आयोग
## स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौंथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

### प्रथमपत्रः-सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

**१. सामान्य ज्ञान** **३५ प्रश्न × २ अङ्क =७० अङ्क**

१.१ नेपालको भूगोल - भौगोलिक अवस्था, धरातलीय स्वरुप र प्राकृतिक सम्पदा (जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ, पहाड)

१.२ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.२.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक,सांस्कृतिक, आर्थिक एवं राजनीतिकअवस्था

१.२.२ आधुनिक इतिहास (नेपालको एकीकरण देखि हालसम्म); राजनीतिक घटनाक्रम, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

१.३ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, सांस्कृतिक सम्पदा र आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, विकास योजना) सम्बन्धी जानकारी

१.४ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नविनतम गतिविधिहरु

१.५ पर्यावरण, जैविक विविधता, दिगो विकास, जलवायु परिवर्तन, वातावरण व्यवस्थापन, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास (बसाईसराई), गरीबी, स्वास्थ्य, रोग, खाद्य र पोषण सम्बन्धी जानकारी

१.६ नेपालको शासनपद्धति र सरकार - संविधान, राजनीतिक व्यवस्था, संघ, प्रदेश र स्थानीय तह

१.७ संयुक्त राष्ट्रसंघ, सार्क र बिम्स्टेक सम्बन्धी जानकारी

१.८ राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार,कला, साहित्य, संगीत सम्बन्धी राष्ट्रिय र अर्न्तराष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु

**२. सामान्य बौद्धिक परीक्षण** **१५ प्रश्न × २ अङ्क =३० अङ्क**

बौद्धिक परीक्षणः शाव्दिक तार्किक परीक्षण, मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण र अशाब्दिक अमूर्त तार्किक परीक्षण ।

२.१ शाव्दिक तार्किक/चार्तुयता परीक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, दिशा र दुरी ज्ञान परीक्षण, तर्क विचार सम्बन्धी, श्रेणीक्रम (पंक्तिक्रम), आगमन (induction), निगमन (deduction) विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जाँच (रुजु), अंक गणितीय तर्क /क्रिया सम्बन्धी विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, चित्रात्मक विश्लेषणात्मक तर्क सम्बन्धी, भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण विषयवस्तुबाट प्रश्नहरु समावेश गरिनेछ ।

**प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषय**का पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।

| प्रथमपत्र | सामान्य ज्ञान | | | | | | | | सामान्य बौद्धिक परीक्षण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ७० | | | | | | | | ३० | | |
| एकाइ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | २.१ | २.२ | २.३ |
| प्रश्न संख्या | ४ | ४ | ७ | २ | ८ | ३ | ३ | ४ | ५ | ५ | ५ |
| जम्मा प्रश्न | (Level I = 21 र Level II = 14) जम्मा 35 | | | | | | | | 15 | | |

## सामान्य ज्ञानका नमुनाप्रश्नहरु

1. ग्रीनविच …….. डिग्री देशान्तरमा पर्दछ ।
   (A) 0 (B) 90 (C) 180 (D) 360

2. सामुद्रिक आँधी (Cyclone) का विभिन्न फरकफरक नामबारे विचार गर्नुहोस् ।
   (1)उत्तर आन्ध्र महासागर र पूर्वी प्रशान्त महासागरीय क्षेत्रमा हरिकेन (Hurricane) नामले चिनिने गरिन्छ् ।
   (2)उत्तर पश्चिम प्रशान्त महासागरीय क्षेत्रमा टाइफुन (Typhoon) नामले चिनिने गरिन्छ् ।
   (3)हिन्द महासागरमा साइक्लोन (Cyclone) नामले चिनिने गरिन्छ् ।
   (4)दक्षिणी प्रशान्त महासागरमा विली विली (Willy - Willy) नामले चिनिने गरिन्छ् ।

   माथि उल्लिखित अनुसार निम्नलिखितमा सही उत्तर कुन हो, छान्नुहोस् ?
   (A) 1मात्र सही हो । (B) 1र 2 मात्र सही हुन् ।
   (C) 1, 2 र 3 मात्र सही हुन् । (D) 1, 2, 3, 4 सबै सही हुन् ।

3. लिच्छविकालमा शासन संचालनको सबैभन्दा तल्लो प्रशासनिक इकाईलाई … भनिन्थ्यो, जसको प्रमुख … हुन्थे ।
   (A) ग्राम - प्रधान (B) तल - तलसिं
   (C) द्रंग - कुथेर (D) विषय - विषयपति

4. समुह I र समुह II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नु होस् ।

| | समुह I | | समुह II |
|---|---|---|---|
| (a) | दोमट | 1. | जीवजन्तु (पंक्षी) |
| (b) | काँडे भ्याकुर | 2. | माटो |
| (c) | च्छो रोल्पा | 3. | वनस्पति |
| (d) | टुन्ड्रा | 4. | हिमताल |

| Codes | a | b | c | d |
|---|---|---|---|---|
| (A) | 1 | 2 | 3 | 4 |
| (B) | 2 | 1 | 4 | 3 |
| (C) | 3 | 4 | 1 | 2 |
| (D) | 4 | 3 | 2 | 1 |

5. नेपाली समाजमा प्रचलित चलन “पर्म (Parma) ” भनेको के हो ?
   (A) श्रमको पारस्परिक आदानप्रदान गर्ने पद्धति हो ।
   (B) वस्तु वा सामानहरुको पारस्परिक आदानप्रदान गर्ने पद्धति हो ।
   (C) खाद्यान्नहरुको साटासाट गर्ने पद्धति हो ।
   (D) स्वेच्छिक श्रम सहयोग गर्ने पद्धति हो ।

## सामान्य बौद्धिक परीक्षणकानमुनाप्रश्नहरु( Sample Questions of General Mental Ability Test)


1. तल दिईएको क्रम/श्रेणीमा प्रश्नचिन्ह (?) राखिएको खाली ठाउँमा के हुन्छ ?
   (i). d, g, j, (?), p, s, v
   (A) l (B) m (C) n (D) o
   (ii). 1, 2, 4, (?), 11, 16
   (A) 6 (B) 7 (C) 8 (D) 9

2. टाइपिष्ट ↔ टाइपराईटर भए झै लेखकको के ?
(A) किताब (B) कागज (C) स्क्रीप्ट (D) कलम
Typist: Typewriter:: Writer: ?
(A) Book (B) Paper (C) Script (D) Pen

3. यदि ASKको कोड ZRJ हो भने ANSWERको कोड के हुन्छ ?
**(A)** ZMRVDQ **(B)** ZORVDQ **(C)** ZMRXFQ **(D)** ZORXFQ


4. चालिस (40) जना विद्यार्थीहरु भएको कक्षामा रामु माथिबाट बीसौं (20) स्थानमा थियो । जब उसको कक्षामा अरु दुई (2) जना विद्यार्थीहरु थप भर्ना भएपछि ऊ अघिल्लो स्थान भन्दा एक (1) स्थान पछाडि परेछ भने, उ तलबाट कतिऔंस्थानमा पर्छ?
**(A)** 19 **(B)** 20 **(C)** 21 **(D)** 22

5. तल दिइएका चित्रहरु मध्ये एउटा अरुभन्दा फरक छ त्यो कुन हो छुट्याउनु होस् ?



**(A)** **(B)** **(C)** **(D)**

6. तल दिइएको चित्रमा चतुर्भुजहरुको(Quadrilaterals)कुल संख्या पत्ता लगाउनु होस् ।



(A) 3 (B) 5 (C) 6 (D) 7

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

**द्वितीय पत्रः- सामाजिक अध्ययन, कार्यालय संचालन तथा सामान्य गणित**

| | | |
|---|---|---|
| **खण्ड (Section) (A)** | **२ प्रश्न × १० अङ्क =२० अङ्क** | **४० अङ्क** |
| | **४ प्रश्न × ५अङ्क = २० अङ्क** | |

१. **सामाजिक अध्ययन**

१.१ नेपालको भूगोल (भौगोलिक स्थिति), धरातलीय स्वरुप, हावापानी, जनजीवनमा भौगोलिक अवस्थाको प्रभाव र नक्सासम्बन्धी सामान्य जानकारी

१.२ नेपालको राजनैतिक विभाजन, सरकारका तहहरु र विविधतामा एकता

१.३ नेपालको विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, विद्युत तथा अन्य ऊर्जाका श्रोतहरु) को विकासको अवस्था

१.४ नेपाली समाजका परम्परा, सामाजिक मूल्य र मान्यता, प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.५ सामाजिक समस्या र विकृतिहरु तथासुधारका उपायहरु

१.६ सामाजिक द्वन्दका कारण, असर र द्वन्द व्यवस्थापनका उपायहरु

१.७ नेपालको संविधान (भाग १ देखि ५तथा अनुसूचीहरू)

१.८ सरकारका तीन तह बीच राजनैतिक, आर्थिक र प्रशासनिक अन्तरसम्बन्ध

१.९ नेपालको सार्वजनिक प्रशासन र सुशासन

२. **स्वास्थ्य, जनसङ्ख्या र वातावरण**

२.१ रोग, पोषण, दुर्व्यसन र सामुदायिक स्वास्थ्य

२.१.१ रोगको परिचय, सर्ने र नसर्ने रोग, सरुवारोग सर्ने माध्यमहरु

२.१.२ पोषण, सन्तुलित भोजन (परिचय, महत्व) तथाकुपोषण (कारण तथा समाधान)

२.१.३ धूमपान, मद्यपान र लागूपदार्थ दूर्व्यसन : कारण, असर र बच्ने उपायहरु

२.१.४ सामुदायिक स्वास्थ्यको अवधारणा, नेपालका प्रमुख स्वास्थ्य समस्याहरु र यसको समाधानमा व्यक्ति, परिवार र समुदायको भूमिका

२.१.५ उपभोक्ता स्वास्थ्यको परिचय र महत्व

२.२ जनसाङ्ख्यिकी, जनसङ्ख्या परिवर्तन र जनसङ्ख्या व्यवस्थापन

२.२.१ नेपालको जनसङ्ख्या स्थिति, जनसङख्या वितरण, जनसाङ्ख्यिक तत्व, प्रक्रिया र मापन

२.२.२ जनसङ्ख्या परिवर्तनका कारणहरु र तीव्र जनसङ्ख्या बृद्धिका असरहरु

२.२.३ जनसङ्ख्या व्यवस्थापन

२.३ जैविक विविधता र वातावरण व्यवस्थापन

२.३.१ जैविक विविधताको अवधारणा र वर्गिकरण तथा महत्व

२.३.२ वातावरण व्यवस्थापनको परिचय र महत्व

२.३.३ वातावरणीय समस्या, कारण, असर र समाधानका उपायहरु

| | | |
|---|---|---|
| **खण्ड (Section) (B)** | **२ प्रश्न × १०अङ्क =२० अङ्क** | **४० अङ्क** |
| | **४ प्रश्न × ५अङ्क =२० अङ्क** | |

३. **कार्यालय संचालन र स्थानीय तह व्यवस्थापन**

३.१ कार्यालय संचालन

३.१.१ कार्यालय विन्यास (Office Layout)

३.१.२ पत्रव्यवहार/चिट्ठीपत्र

३.१.२.१ परिचय, उद्देश्य, चिट्ठीका प्रकारः प्रयोग र प्राथमिकता

३.१.२.२ दर्ता, चलानी, टिप्पणी लेखन र मेमो (Memo)

३.१.३ अभिलेख व्यवस्थापन

३.१.३.१ अभिलेख व्यवस्थापनको परिचय,उद्देश्य र आवश्यकता

३.१.३.२ फाइलिङ सम्बन्धी जानकारी

३.१.३.३ कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालीको आवश्यकता र महत्व
३.१.३.४ व्यक्तिगत घटना दर्ता
३.१.४ वैठक व्यवस्थापन र माइन्यूट लेखन

३.२ लेखा तथा राजस्व सम्वन्धी जानकारी
३.२.१ दोहोरो लेखा प्रणाली, सरकारी लेखा प्रणाली, नगद र प्रोदभावीमा आधारित तथा लेखापरीक्षण सम्बन्धी जानकारी
३.२.२ गोश्वारा भौचर, बैंक नगदी किताव र बजेट हिसाबः परिचय र प्रयोग
३.२.३ राजस्व र खर्चको फाँटबारी र प्रतिवेदन
३.२.४ वर्तमान जिन्सी स्रेस्ता प्रणाली
३.२.५ कर, भंसार तथा अन्तःशुल्क सम्बन्धी सामान्य जानकारी
३.२.६ प्रदेश र स्थानीय तहको राजस्व अधिकार र परिचालन
३.२.७ प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी
३.२.८ सार्वजनिक खरिद सम्बन्धी सामान्य जानकारी
३.३ सार्वजनिक सेवा प्रवाह सम्बन्धी सामान्य जानकारी
३.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३.५ भ्रष्टाचार निवारण ऐन, २०५९

| खण्ड (Section) (C) | ४ प्रश्न × ५अङ्क =२० अङ्क | २० अङ्क |
|---|---|---|

४. **सामान्य गणित**
४.१ गणितका आधारभूत क्रियाहरू तथा ऐकिक नियम (Unitary Method)
४.२ भिन्न, दशमलव र प्रतिशत (Fraction, Decimal & Percentage)
४.३ नाफा, नोक्सान र छुट (Profit, Loss & Discount)
४.४ कर, कमिसन र ह्रासकट्टी (Tax, Commission & Depreciation)
४.५ साधारण ब्याज (Simple Interest)
४.६ औसत/मध्यक र मध्यिका (Average/Mean & Median)

**द्वितीय पत्र विषय**का पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।

| द्वितीय पत्रका खण्ड | A | | B | C | जम्मा प्रश्न संख्या |
|---|---|---|---|---|---|
| द्वितीय पत्रका एकाइ | १ | २ | ३ | 4 | |
| अङ्कभार | २५ | १५ | ४० | २० | |
| छोटो उत्तर ५अङ्कका प्रश्न | ४ | | ४ | ४ | १२ |
| लामो उत्तर १० अङ्कका प्रश्न | २ | | २ | ० | ४ |
| जम्मा प्रश्न संख्या | ६ | | ६ | ४ | १६ |

## लोक सेवा आयोग
## स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौंथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

### विषयः-कम्प्यूटर सीप परीक्षण(Computer Skill Test)

**1. Windows Basic**
- Introduction to Graphical User Interface
- Starting and shutting down Windows
- Basic Windows Elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of files and folders
- Searching files and folders

**2. Word Processing/ MS Word**
- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc) and paragraph formatting (alignment, indentation, spacing)
- Inserting header, footer, page number
- Page setting (margin, page size, orientation), previewing and printing of documents

### प्रयोगात्मक परीक्षा योजना(Practical Examination Scheme)

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटरसीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | Devanagari Typing | २.५अङ्क | ५ मिनेट |
| | | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | | Windows basic and Ms-Word | ५ अङ्क | ५ मिनेट |

### <u>प्रयोगात्मक कम्प्यूटर सीप परीक्षणका नमुनाप्रश्नहरु( Sample Questions)</u>

1. देवनागरी Typing Skill Testको लागि 150 शब्दहरुको एउटा Text दिइनेछ । दिइएको Textलाई आधार मानी टाइप गर्नु पर्नेछ ।  2.5 अङ्क (5 मिनेट)

2. English Typing Skill Testको लागि 200 शब्दहरुका एउटा Textदिइनेछ । दिइएको Textलाई आधार मानी टाइप गर्नु पर्नेछ ।  2.5 अङ्क (5 मिनेट)

3. Windows basic and Word Processing:

   Perform as follows:  5 अङ्क (5 मिनेट)

   a) Open document containing text typed for question no. 2 and save it with other name 'windows basic and ms word'. <u>1Mark</u>
   b) Apply 1.5 line spacing for all text. <u>1Mark</u>
   c) Insert your nameon left side of page and roll number on right side of page as header. <u>1Mark</u>
   d) Set page margins as follow:
      Top: 2" Bottom: 1" Left: 1.5" Right: 1.25" <u>1Mark</u>
   e) Insert page number as footer with centre alignment. <u>1Mark</u>

**लोक सेवा आयोग**
**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ चौंथो तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह) तथा सहलेखापाल (प्रशासन सेवा, लेखा समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

**अंग्रेजी वा देवनागरी Typing Skill Testको लागि निर्देशनः-**

1. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

2. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएको अंग्रेजी वा देवनागरी Textमा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Textमा Punctuationटाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) निकालिनेछ।

**Formula:**

शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) $= \frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$